## रत्ननगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## वागमती प्रदेश रत्ननगर चितवन

# रत्ननगर बकुल्लर अस्पतालका लागि मेसिनरी उपकरण सामान खरिद सम्बन्धि शिलबन्दी  बोलपत्र आव्हानको सुचना

**(प्रथम पटक सुचना प्रकाशित मिति : २०७८/०२/१४)**

१) बोलपत्र सम्बन्धि कागजातहरु  प्रथम पटक सूचनाउ प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रु . ३,००० (फिर्ता नहुने गरि ) राष्ट्रिय वाणिज्य वैङ्क टाँडी मा रहेको आन्तरिक राजस्व खाता नं (ग-१-१) १८३०१००३०१०१०००३ जम्मा गरि चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, ब्यबसायी प्रमाणपत्र **वा ईजाजत पत्र**, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी बोलपत्रफाराम खरिद गर्न इच्छुक ब्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम रत्ननगर नगरकार्यपालिकाको कार्यालय,रत्ननगरमा निबेदन पेश गरी खरिद गर्न सकिनेछ ।

२) बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३) मिति २०७८/०२/२९  गते दिनको १२:०० बजे भित्र आफैंले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४) बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर,**टाँडी मा रहेको** राष्ट्रिय **वाणिज्य** बैंकको धरौटी खाता नं.१८३०१००३०३००००००३ मा दाखिला गरेको सक्कलै भौचर जम्मा गरेको वा क बर्गको बैंकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee  भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले स्वीकृत जम्मा अंकको २.५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने  छैन ।

५) बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ ।साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । वोलपत्र साथ आपूर्ति गर्ने **सामानहरु** WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

६) कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

७) सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८) एक आपसमा  मिलेमतो गरी बोलपत्र दाखिला  गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

९) बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक ब्यक्तिको  सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र  नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१०) यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर, चितवनमा कार्यालय समय भित्र स्वास्थ्य वा जिन्शी शाखामा सम्पर्क राख्न सकिनेछ ।

तपशिल

| सि.नं. | ठेक्का नं | विवरण | परिमाण | स्पेसिफिकेसन | लागत अनुमान मुअ कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | RAT/CHITWAN/health/३/Goods/०७७/०७८ | central Oxygen pipe system | 1pis | US FDA Approved (OT,ICU,Post UP) | | | {आईटम १ र २ को मुल्य एकमुस्ट मा राखिएको) |
| 2 | | GA Machine | 1 pis | US FDA Approved | | | |
| | जम्मा | | 2pis | | 29,00,000 (रु उनान्तिस लाख मात्र मुअ कर सहित) | 73,000 (रु तिरहत्तर हजार मात्र) | |

प्रमुख प्रशासकिय अधिकृत